सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायधीश श्री अनिलकुमार सिन्हा
माननीय न्यायधीश श्री सुष्मालता माथेमा

# फैसला

मुद्दा :- निजी गुठी जग्गा दर्ता समेत।

०७५-CI-०५००

| | |
|---|---|
| काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २१ यङ्गाल बस्ने खडगबहादुरको बुहारी, ध्रुवबहादुरको श्रीमती विष्णुदेवी राजभण्डारी ----१ | पुनरावेदक वादी |

विरुद्ध

| | |
|---|---|
| काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २२ पाको न्यूरोड बस्ने मेहरमान सिंहको नातिनी मुनिन्द्रबहादुरको छोरी जगत कुमारी राजभण्डारीको मृत्यु भै शे.ब. बमोजिम मु.स.गर्ने राजेन्द्रमान श्रेष्ठ ---------------------१<br>काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० घर भई हाल बर्दिया जिल्ला बगनाह गाउँ विकास समिति वडा नं. ६ बस्ने शम्भुप्रसाद उपाध्याय---------------------------------------------------------१<br>काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.६ बौद्ध, नयाँबस्ती गुहेश्वरी मार्ग बस्ने कृष्णबहादुरको नाती दुर्गाबहादुरको छोरा भोला बोहोरा-१<br>काठमाडौं जिल्ला गोठाटार गाउँ विकास समिति वडा नं. ९ बस्ने टिकानाथको नाति डिल्लीरामको छोरा मणी प्रसाद दाहाल ---------------------------१<br>काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ६ बस्ने विरबहादुरको नाति रामबहादुरको छोरा हरिबहादुर बोहोरा -----------------------------१<br>काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ६ बस्ने रुद्रबहादुरको नाति, श्यामबहादुरको छोरा भरतराम बोहोरा ----------------------------१<br>काठमाडौं जिल्ला जोरपाटी गाउँ विकास समिति वडा नं. ३ बस्ने | प्रत्यर्थी प्रतिवादी |

रन्जितबहादुरकी बुहारी रामबहादुरकी पत्नी सीता बोहरा ----------------१
काठमाडौं जिल्ला गोठाटार गाउँ विकास समिति वडा नं. १० बस्ने टिकानाथको नाति मुक्तिनाथको छोरा रामप्रसाद दाहाल -----------------१
काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० बस्ने चन्द्रकान्तको बुहारी बनमालीको श्रीमती शिवदुती भट्टराई -------------------------१
ऐ.ऐ बस्ने ऐ.को बुहारी शम्भुप्रसादको श्रीमती शुभद्रा भट्टराई -------------१

**०७४-CI-०८४७**

चन्द्रकान्तको बुहारी बनमालीको श्रीमती काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० बस्ने शिवदुती भट्टराईको मु.स.गर्ने एकाघरको छोरा अनन्तराम भट्टराई ---------------------------------------------१

**पुनरावेदक प्रतिवादी**

ऐ. को बुहारी शम्भुप्रसादको श्रीमती ऐ.ऐ. बस्ने शुभद्रा भट्टराईको मु.स.गर्ने एकाघरको छोरा राम कृष्ण भट्टराई ----------------------------------१

**विरुद्ध**

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २१ यङ्गाल बस्ने खडगबहादुरको बुहारी, ध्रुवबहादुरको श्रीमती विष्णुदेवी राजभण्डारी ------१

**प्रत्यर्थी वादी**

**शुरु तहमा फैसला गर्नेः-** माननीय जिल्ला न्यायाधीश श्री खडानन्द तिवारी
काठमाडौं जिल्ला अदालत
फैसला मितिः २०६९।०२।१६
२०६५ सालको दु.दे.नं. ३३६६, नि.नं. ३२९

**पुनरावेदन तहमा फैसला गर्नेः-** पुनरावेदन अदालत पाटन
माननीय न्यायाधीश श्री बिदूर बिक्रम थापा
माननीय न्यायाधीश श्री हेमराज पन्त
फैसला मितिः २०७१।१२।०९
२०६९ सालको मुद्दा.नं.२०६९-DP-१३५७, नि.नं. ४९८

पुनरावेदन अदालत पाटनको मिति २०७१।१२।०९ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ अन्तर्गत वादी/प्रतिवादीको निवेदन परेकोमा यस अदालतबाट न्याय प्रशासन ऐन, २०७३ को दफा १२ बमोजिम मुद्दा दोहऱ्याई हेर्न अनुमति प्रदान भई पुनरावेदनको रोहमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## मुद्दाको संक्षिप्त तथ्य

१. हाम्रा पुर्खा कर्णेल मेहरमान सिंह राजभण्डारीको पाला देखिनै हाम्रो निजी गुठीमा विभिन्न जग्गा राखी पूजाआजा गरी गुठी सञ्चालन गरी आएका थियौं। माथिल्ला पुस्ताहरु परलोक हुँदै गएका हुँदा ध्रुबबहादुर राजभण्डारीको हक खाने म विष्णुदेवी राजभण्डारी, ऋषिराम राजभण्डारीको हक खाने निजकी पत्नी नैनदेबी राजभण्डारी भै निजी गुठी चलाई आएका थियौं। काठमाडौं जिल्ला गोठाटार गाउँ विकास समिति वडा नं. ९ (ख) कि.नं. २७, २८, २९, ३०, ३२, ३३, ३४, ३५, ३६, ३७, ३९, ८५ र ८६ का जग्गाहरु साबिक भा का २८७।२६१ सि.नं. ३५ फुटकर ४० नं. गोठाटार पञ्चायत अन्तर्गत सूर्यडोल १०॥ निजी गुठी नरबढी सहितको जग्गामा भिडी दर्ता हुने जग्गा हुन्। उल्लिखित जग्गाको फिल्डबुकमा किसानको बेहोरामा बानेश्वर बस्ने शम्भुप्रसाद लेखिएकोमा निज शम्भुप्रसादले आफू जग्गा धनी होईन भनी निवेदन दिई हक छाडी सनाखत समेत गरिदिनु भएको छ। बेदनाथको छोरा बर्दिया बस्ने शम्भुप्रसाद उपाध्यायले उक्त जग्गाहरुमा दाबी लिनु भएकोमा निजको नागरिकताको प्रतिलिपीबाट बि.सं.२०२१ सालमा जग्गा नापी हुँदा निजको उमेर ५।६ बर्षको भएको देखिँदा सो उमेरको मानिसको नाम फिल्डबुकमा लेखाउन सक्ने अवस्था नहुँदा निजको पनि उक्त जग्गा हुन सक्दैन। विवादित कि.नं. २५लाई मोही भोला बोहराले, कि.नं. ३२, ३५, ३९, ३०, २७ र ८६ का जग्गालाई मोहीका हकदार भतिजा भरतराम बोहराले, कि.नं. ८४ र ३१ का जग्गालाई मोहीका हकदार सीता बोहोराले र कि.नं. २८, २९, ३३, ३४ र ८५ का जग्गालाई मोही मुक्तिनाथ दाहालका हकदार छोरा रामप्रसाद दाहाल समेतले विवादित जग्गा "ख" श्रेणीको बिर्ता जग्गा भएकोले रै.प. नामसारी गरी पाउँ भनी ६ नं. नापी गोश्वरा र मालपोत कार्यालयमा विभिन्न मितिमा निवेदन हाली माग गरे तापनि विवादित जग्गा बिर्ताका होईनन्। शिवदुती भट्टराई र शुभद्रा भट्टराईले आफ्ना ससुरा चन्द्रकान्त भट्टराईका नाउँको का. ई. गोकर्ण रै.नं. ३१४९ रै.नं. ९८ र १०१ लगतमा भिडी दर्ता हुने जग्गा भनी दाबी लिएपनि सो मा भिडी दर्ता हुने विवादित कि.नं. का जग्गाहरु होईनन्। विवादित जग्गामा विभिन्न व्यक्तिको दाबी परेको र निजी गुठी, रैकर जग्गा भन्नेमा

विवाद देखिँदा थप प्रमाण बुझी निर्णय दिनु पर्ने भएकोले दुबै पक्षलाई अदालत जानु भनी मालपोत कार्यालय चाबहिलबाट मिति २०६५।०२।२७ मा निर्णय भएकोले फिराद गर्न आएकी छु। माथी मैले दाबी लिएको श्रोतको लगत प्रमाण बुझी विवादित जग्गा निजी गुठीमा म गुठीयार विष्णुदेवी राजभण्डारीको नाउँमा दर्ता गरी ज.ध.प्र.पुर्जा पाउँ भन्नेसमेत बेहोराको वादीको मिति २०६५।०५।०५ को शुरु काठमाडौं जिल्ला अदालतमा पेश भएको **फिरादपत्र।**

२. विवादित जग्गाको फिल्डबुकको किसानको बेहोरामा हाम्रा देवर, पति शम्भुप्रसाद उपाध्यायको नाम उल्लेख भएको र हाम्रा ससुरा चन्द्रकान्त भट्टराईको नाममा रहेको का.ई. गोकर्ण रै.नं. ३१४९, रै.नं. ९८ र १०१ लगतमा भिडी रैकरमा दर्ता हुने जग्गालाई कसैले निजी गुठी बनाई पाउँ भनी हालेको झुट्टा फिरादका आधारमा निजी गुठी हुन नसक्नेहुँदा फिराद खारेज गरी पाउँ भन्नेसमेत बेहोराको प्रतिवादीहरु **शिवदुती भट्टराई र शुभद्रा भट्टराईको संयुक्त प्रतिउत्तर पत्र।**

३. वादी दाबीका १३ कित्ता जग्गाहरु निजी गुठीका होईनन्। ती जग्गाहरु वादीले देखाएको लगतमा भिड्ने नभई बोडे पञ्चायतको मौजा अन्तर्गत लगत भिड्ने जग्गा भएको र मेरो पिता बेदनिधिले हस्ते भै मिति २०२३।१२।१५ अघिदेखि पोत असुल गराउँदै आएका जग्गाहरु हुन्। म नाबालक भनी फिरादीले दाबी लिएपनि प्रचलित कानूनले फिल्डबुकमा नाम अरुले लेखाउन रोकेको पाइदैन। फिल्डबुकमा स्पष्ट रुपमा मेरो नाम लेखाएकोमा सो होईन भनी बनावटी एंव सबुद प्रमाण बेगर हालेको फिराद खारेज गरी मेरो दाबी बमोजिम गरी पाउँ भन्नेसमेत बेहोराको बेदनाथको छोरा प्रतिवादी **शम्भुप्रसाद उपाध्यायको प्रतिउत्तर पत्र।**

४. दाबीका जग्गा मध्ये कि.नं. ८५, ३४, ३३, २८, २९ को मोहीको हकदार म रामप्रसाद दाहाल र कि.नं. ३२, ३५, ३९, ३०, २७ र ८६ का जग्गा म मणिप्रसाद दाहालले मोहीको हैसियतले जोत कमोद गरी आएको "ख" बिर्ता जग्गा हो। बिर्तावालले रै. प. गरी पाउँ भनी दाबी नगरेकोले हामी मोहीलाई दिएको म्यादमा रै. प. नामसारी गरी पाउँ भनी निवेदन हालेकोमा सो निवेदन खारेज भएकोले सो उपर पुनराबेदन समेत गरेका छौं। प्रस्तुत मुद्दामा फिल्डबुकमा उल्लिखित शम्भुप्रसाद उपाध्याय र वादी विष्णुदेवी राजभण्डारी मिली आफ्नो हक

स्थापित गराउन "ख" श्रेणीको बिर्ता जग्गालाई गुठी कायम गराउन मात्र खोजेका हुन्। प्रस्तुत मुद्दामा गुठी महलको ३, ५ र १६ समेत आकर्षित हुन सक्दैन। निजी गुठी कायम गराई पाउँ भन्ने वादी दाबी कायम नहुने हुँदा मिति २०६२।०२।२२ को निवेदन बमोजिम "ख" श्रेणीको बिर्ता जग्गा कायम गरी पाउँ भन्नेसमेत बेहोराको **प्रतिवादीहरु मणी प्रसाद दाहाल र रामप्रसाद दाहालको संयुक्त प्रतिउत्तरपत्र।**

५. दाबीका कि.नं. २३, २४, २५, २६, ३१, ८३ र ८४ का जग्गाहरु रैकर लगत भिडाई जगत कुमारी राजभण्डारी र रत्न कुमारी राजभण्डारीको हक खाने वादी विष्णुदेवी राजभण्डारीका नाममा मालपोत कार्यालय, चाबहिलको मिति २०६४।०७।१९ को निर्णयले संयुक्त दर्ता भै ज.ध.प्र.पूर्जा समेत पाइसकेकाले हामीले सोही बखत "ख" श्रेणीको बिर्ताको दाबी छाडी सकेको हुँदा हामी उपर दिएको फिराद खारेज गरी पाउँ भन्नेसमेत बेहोराको प्रतिवादीहरु **भोला बोहरा, हरिबहादुर बोहरा, भरतराम बोहरा र सीता बोहराको संयुक्त प्रतिउत्तरपत्र।**

६. विवादित जग्गा मध्ये साबिक लगतवाला तिर्थराज राजभण्डारीको नामको लगत फोडगरी त्यस मध्ये आधा जग्गा मेरो नाममा कायम रहेको दाबीको गोठाटारको जग्गा निजी हकभोगको रैकर जग्गा हो। जुन जग्गा हामी वादी प्रतिवादीको नाउँमा संयुक्त दर्ता भै अन्य व्यक्तिलाई हक हस्तान्तरण गरिसकेका छौं। फिराद दाबी बमोजिम दाबीका जग्गा निजी गुठीका नभई रैकर हुन्। तसर्थ फिराद दाबी खारेज गरी पाउँ भन्नेसमेत बेहोराको **प्रतिवादी जगत कुमारी राजभण्डारीको प्रतिउत्तरपत्र।**

७. दाबीको जग्गाको फिल्डबुक उतारमा निजी गुठीको जग्गा हो भन्ने उल्लेख भएको नपाइएको, फिल्डबुकमा मोही र जग्गाधनीको बेहोराबाट दाबीको निजी गुठीको हक देखिने आधार देखिन नआएको, फिल्डबुक बेहोरालाई अन्यथा भन्न सकिने अबस्था समेत नरहेको, साथै वादीहरुकै गुठीयार मध्येकी जगत कुमारी राजभण्डारीले मिति २०६५।०१।१२ मा दाबीका जग्गाहरु आफ्नो होइन भनी सनाखत समेत गरी दिएको अबस्थामा निजी गुठीका जग्गाहरु हुन भन्ने स्पष्ट प्रमाणको अभावमा वादी दाबीको जग्गा निजी गुठीको जग्गा हो भनी मान्न मिलेन।

तसर्थ वादीको नाउँमा दाबीका जग्गाहरु निजी गुठी जनाई दर्ता गरी पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्छ भन्नेसमेत बेहोराको **शुरु काठमाडौं जिल्ला अदालतको फैसला।**

८. शुरु जिल्ला अदालतको फैसलामा चित्त वुझेन। उक्त फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ र अ.वं. १८४(क), १८५ समेतलाई विचार नगरी भएको उक्त फैसला बदर योग्य छ। यसै गरी कसैले विना कुनै आधार शुन्यको स्थितीमा जग्गा आफ्नो हो भनी निवेदन दिदैमा हक बेहकमा प्रश्न उपस्थित भएको भन्न नमिल्ने भनी ने.का.प. २०६८ अंक ५ पृष्ठ ८७९ नि.नं. ८६२५ मा प्रतिपादित सिद्धान्तसमेतको प्रतिकुल हुने गरी भएको प्रस्तुत फैसला त्रुटीपूर्णहुँदा उक्त फैसला बदरगरी म पुनरावेदकको दाबी कायम हुने गरी न्याय इन्साफ पाउँ भन्नेसमेत बेहोराको वादी **विष्णुदेवी राजभण्डारीले तत्कालीन पुनरावेदन अदालत पाटनमा पेश गरेको पुनरावेदन पत्र।**

९. यसमा प्रस्तुत दे.पु.नं. ०६९-DP-१३५७ को निजी गुठी जग्गा दर्ता समेत मुद्दामा वादी विष्णुदेवी राजभण्डारीको पुनरावेदन परेको र दे.पु.नं. ०६९-DP-१३९९ को गुठीबाट हटक गरी धर्मलोप गुठी कायम समेत मुद्दामा वादी नैनदेवी राजभण्डारीको प्रतिवादी विष्णु देवी राजभण्डारी समेतका उपर पुनरावेदन परेकोले दोहोरो पुनरावेदन परेको अवस्था देखिन आएको र प्रमाण मुल्याङ्कनको रोहमा समेत शुरु फैसला विचारणीय देखिएको हुँदा अ.वं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ वमोजिम प्रत्यर्थीलाई झिकाई नियमानुसार गरी पेश गर्नु भन्ने पुनरावेदन अदालत पाटनबाट मिति २०७०।०५।२० मा भएको आदेश।

१०. प्रस्तुत मुद्दामा मेलमिलाप गराउन उपयुक्त देखिएको र दुवै पक्षहरुसँग छलफल गर्दा मेलमिलाप गर्न मञ्जुर भएकोले मेलमिलापको लागि पठाउने गरी तोकिएको छ। पुनरावेदन अदालत नियमावली, २०४८ को अधिनमा रही एक महिना भित्र मेलमिलाप कार्य सम्पन्न गर्न लगाई लगाउको मुद्दा समेत साथै राखी नियमानुसार पेश गर्नु भन्ने **पुनरावेदन अदालत पाटन**बाट मिति २०७१।०५।०९ मा भएको आदेश। मेलमिलाप हुन नसकेपछि मुद्दा पूर्ण सुनवाईको लागि पेशीमा चढाईएको।

११. विवादीत कित्ताहरु निजी गुठीका हुन् भनेर दाबी लिएर मात्र पुग्दैन दाबी लिने पक्षले स्पष्ट रुपमा सवूदप्रमाण पेश गरी आफ्नो दाबी प्रमाणित गर्नु पर्नेमा निजी गुठीको हो भनी प्रमाणित गर्ने कुनै सवूद प्रमाण वादीले पुऱ्याउन नसकेको हुँदा दाबीका जग्गा निजी गुठीका हुन् भनी भन्न मिलेन। फिल्डबुकमा मोही र जग्गा धनीको बेहोराबाट दाबीको निजी गुठी हक देखिने आधार पनि नभएकोले फिल्डवुक बेहोरालाई अन्यथा भन्न सकिने अवस्था समेत नरहेको तथा वादीहरुकै गुठीयार मध्येकी जगत कुमारी राजभण्डारीले मिति ०६५।०१।१२ मा दाबीका जग्गाहरु आफ्नो होइनन भनि हक छाडी साधिकार निकायमा सनाखत गरेको समेतबाट पनि दाबीका जग्गाहरु निजी गुठीका हुन् भन्ने स्पष्ट प्रमाण पाईएन। साथै प्रस्तुत मुद्दाकै लगाउमा रहेका DP-१५०९ र १५१८ का पुनरावेदक रामप्रसाद दाहाल र मणिप्रसाद दाहाल र यीनै विपक्षी समेत भएको हक कायम मुद्दामा कि.नं. २७, ३०, ३२, ३५, ३९ र ८६ मा मणिप्रसादको र कि.नं. २८, २९, ३३, ३४, ८५ मा रामप्रसादको हक कायम हुने ठहरी आजै यसै इजलासबाट फैसला भएको समेतका आधार प्रमाणबाट शुरु जिल्ला अदालतले वादीको नाउँमा दाबीका जग्गाहरु निजी गुठी जनाई दर्ता गरी पाउँ भन्ने वादी दाबी नपुग्ने ठहऱ्याएको फैसलालाई अन्यथा भनी पुनरावदकको पुनरावेदन जिकीर सँग सहमत हुन सकिएन। काठमाडौं जिल्ला अदालतको मिति २०६९।०२।१६ को फैसला मिलेकै हुँदा सदर हुने ठहर्छ **भन्ने बेहोराको पुनरावेदन अदालत पाटनको मिति २०७१।१२।०९ गतेको फैसला।**

१२. यसै लगाउको ०६९-DP-१५०९ र १५१८ को मुद्दामा हामीले आजै छुट्टै पुनरावेदन पत्र दर्ता गरेको हुँदा उक्त मुद्दाको पुनरावेदन पत्रमा उल्लेख गरेका जिकिर तथा प्रमाणलाई प्रस्तुत निवेदन पत्रको थप अंग मानी पाउँ। विवादको जग्गा बिर्ता जग्गा होइन। हाम्रा पुर्खा चन्द्रकान्ताको नाममा का.ई. गोकर्ण ३१४९ रै.नं. ९८ रै.नं. १०१ को लगतबाट भिड्ने जग्गा हो। बिर्ताको कुनै लगत प्रमाण छैन। मोहिले लिखित रुपमै शम्भुप्रसाद भट्टराईको जग्गा हो भनि स्वीकार गरेका छन्। श्रोत रैकर जग्गाको भएको र बिर्ता भन्ने कुनै पनि प्रमाणबाट नदेखिएको अवस्थामा मोहिको नाउँमा बिर्ता मानी दर्ता हुनै नसक्नेमा लगाउको मुद्दामा बिर्ता ठहर गरी प्रस्तुत

मुद्दाको फैसलामा विवादको जग्गा रामप्रसाद दाहाल मणिप्रसाद दाहालको हक कायम हुने ठहरी फैसला भएकोबाट वादी दाबी नपुग्ने भनि भएको फैसलामा बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ७, प्रमाण ऐन,२०३१ को दफा ६, ५४, र अ.वं. १८४(क) तथा ने.का.प. २०४१ नि.नं. २१०३ मा स्थापित सिद्धान्त समेतको त्रुटी रहेको छ।

वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको फैसलाको हदसम्म कायमै राखी लगाउको मुद्दाबाट मणिप्रसाद र रामप्रसाद दाहालको हक कायम हुने ठहरी फैसला भएको कारणबाट पुनरावेदन जिकिर पुग्न नसक्ने भन्ने ठहर बुँदाको हदसम्म बदर भागी छ। त्रुटीपूर्ण रहेकाले सो हदसम्म बदर गरी पाउँ **भन्नेसमेत बेहोराको प्रत्यर्थी शिवदुती भट्टराई समेतको दोहोऱ्याई हेरी पाउँ भनी मिति २०७२।११।१० गतेको निवेदन पत्र।**

१३. मूल पुर्खा मेहरमानले का. जिल्ला गोकर्णेश्वर बागमती निकट शिवालय धर्मशाला समेत बनाई स्थापना गरेको उक्त गुठी म निवेदकको पुस्तासम्म आइपुग्दा सहोदर सासु गुठीयार रत्नकुमारी राजभण्डारीको स्वर्गवासपछि म निवेदकले नै मोहीहरुसँग बाली समेत बुझी तथा ऋणपान गरेरै भए पनि गुठी सञ्चालन गरी आएको तथा गुठीयारहरु सुकदेव राजभण्डारी समेतले जगत कुमारी राजभण्डारी र म निवेदक विष्णुदेवी राजभण्डारी समेतका नाममा छोडपत्र गरिदिएको तथा जगत कुमारी राजभण्डारीले उल्लिखित कित्ता जग्गाहरुमा सम्पूर्ण हकदाबी छाडेकी हुँदा उक्त कित्ता जग्गाहरु निजी गुठीमा म निवेदकको नाममा निर्विवाद रुपमा ना.सा. दर्ता हुनुपर्ने हो।

साबिक भा. काठमाडौं २८७।२६१ फुटकर सि.नं. ४० सूर्यडोल गुठी १० मध्येबाट भिडी का. जिल्ला गोठाटार गाउँ विकास समिति वडा नं. ९(ख) कि.नं. २३, २४, २५, २६, ३१, ८३, ८४ का जग्गाहरु जगत कुमारी र म निवेदक विष्णुदेवीको नाममा मिति २०६४।०७।१९ को निर्णयले ना.सा. तथा संयुक्त दर्ता भई दर्ता श्रेस्ता पुर्जा तयार भइसकेकाले सोही लगतसँग भिड्ने ऐ.ऐ. का कि.नं. २७, २८, २९, ३०, ३२, ३३, ३४, ३५, ३६, ३७, ३९, ८५, ८६ म निवेदकका नाममा निजी गुठी तर्फ मुलुकी ऐन, जग्गा पजनीको २(क) ले जहिलेसुकै दर्ता

हुनुपर्ने जग्गा भएको स्पष्ट छ।

मिसिल संलग्न साबिक गुठी लगत रसिद नं. १५११० को सूर्यडोल गुठी २१ रोपनीको तिर्थराज भण्डारीको नाउँमा रसिद, पूजा चलाउने गुठीयारले श्री गोकर्णेश्वरका स्थान श्री बागमती गंगा निकट श्री शिव मेहेरवाल भक्तेश्वर स्थापना गरी तिनको प्रतिदिन पूजा तिरोको फोटोकपी, सम्वत् २०21 सालको सर्पट नापीको मौजा ३२, हकदार खडकबहादुर राजभण्डारी, यंगाल उल्लेख गरिएको रैतिलाई दिने पुर्जा, मिति २०२३।४।१८ को पर्चाबाट फुटकर सि.नं. ४० साबिक लगत २८७।२६१ सूर्यडोल गुठीको रसिद, मोही मुक्तिनाथ दाहालले कमाए जग्गा गोठाटार वडा नं. ९(ख) कि.नं. ८५, ३३, ३४, २८, २९ जग्गा कमाएको तपाई जग्गाधनी काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २१ यंगाल बस्ने रत्न कुमारी राजभण्डारीको पुर्खाले स्थापना गरिएको का.जिल्ला गोकर्णमा शिवालयको गुठी जग्गाको जम्मा क्षेत्रफल ५-१-२-२ कुत भु.सु.का.बाट नाप नक्सा अनुसार मुक्तिनाथको छोरा हस्ते म सानुभाई दाहालले तपाई जग्गाधनी रत्न कुमारी राजभण्डारीलाई कुत बाली २०४५ सालको र २०४७ सालको बाली बुझाएको भरपाई गरिदिएँ भन्नेसमेत बेहोरा उल्लिखित २०४७ साल मंसिर २७ गतेको भरपाई रसिद तथा श्री मेहेरवाल भक्तेश्वर गुठीमा दक्षिणा निम्ति डिल्लीराम दाहालले कमाएको जग्गाको २०२२ सालको कुत रत्न कुमारी राजभण्डारीलाई बुझाएको भन्ने बेहोराको भरपाई रसिदमा उल्लिखित कित्ता जग्गाको नापनक्सा हुँदा फिल्डबुकमा प्रत्येक कित्ताको किसानको बेहोरामा यो जग्गा काठमाडौं ई. बानेश्वर बस्ने शम्भुप्रसाद उपाध्याथको दर्ता हो कुतमा कमाई आएको छ उल्लेख भएको र शिवालयका पूजारी चन्द्रकान्त उपाध्यायका छोरा निज शम्भुप्रसाद उपाध्याय स्वयंले जग्गाको फिल्डबुक र अप्रमाणित श्रेस्ता समेतमा म निवेदक शम्भुप्रसाद लेखिनुको कारण मेरो पिता चन्द्रकान्त उपाध्याय भट्टराईलाई माथि उल्लिखित जग्गाधनीको पुर्खाले गोकर्णेश्वरमा स्थापना गरिएको शिवालयमा नित्य पूजा आरती गर्ने भनी नियुक्त गरिएको र पिताको परलोकपछि मैले पुजारीको हैसियतले जोताहा मोहीहरुसँग सालसालमा कुत उठाई पूजाआजा चलाई रहेकोले नापीको समयमा जोताहा मोहीहरुले ज.ध.को नाउँमा शम्भुप्रसाद

उपाध्याय लेखिदिए तापनि उक्त जग्गाहरु रत्न कुमारी राजभण्डारी समेतका गुठीयारहरुको नाउँमा दर्ता हुने जग्गा भएको बेहोरा श्री ६ नं. नापी गोश्वारा बसुन्धरा काठमाडौंमा मिति २०६३।२।२१ मा लिखित रुपमा उल्लेख गरिदिएको कागज समेतबाट उल्लिखित कित्ता जग्गाहरु निजी गुठीका भई म निवेदिकाका नाममा दर्ता हुने जग्गा हुन् भन्ने बेहोरा स्पष्ट रुपमा प्रमाणित भइरहेको अवस्थामा उल्लिखित प्रमाणहरुलाई अनदेखा गरी गरिएको उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी छ।

प्रस्तुत मुद्दाकै लगाउमा रहेको DP-१५९८ र १५०९ को रामप्रसाद दाहाल र मणिप्रसाद दाहाल वादी भएको हक कायम मुद्दामा निवेदिकालाई समेत प्रतिवादी बनाएको शुरु श्री काठमाडौं जिल्ला अदालतले फिल्डबुकमा बिर्ता नै नलेखिएको कुरालाई दाबीका जग्गाहरु "ख" श्रेणीको बिर्ता जग्गा हुन् भनी मान्न सकिने अवस्था देखिन आएन भन्ने आधार लिई वादी दाबी पुग्न नसक्ने ठहर्छ भनी मिति २०६९।०२।१६ मा फैसला गरेकोमा सोलाई उल्टाई कि.नं. २७, ३०, ३२, ३५, ३९, ८६ मा मणिप्रसादको र कि.नं. २८, २९, ३३, ३४ र ८५ मा रामप्रसादको हक कायम हुने ठहऱ्याएको श्री पुनरावेदन अदालत पाटनको उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी भएकोले सो उपर आजै यसै सम्मानित अदालतमा पुनरावेदन पत्र दर्ता गरेको छु, उक्त मुद्दालाई समेत यसै मुद्दा साथै राखी हेरी पाउँ।

अतः पुनरावेदन अदालत पाटनबाट भएको उक्त फैसला मुलुकी ऐन ज.प.को २(क), प्रमाण ऐन, २०३१ को दफा ३ तथा ५४ को विपरित हुँदा न्याय प्रशासन ऐन २०४८ को दफा १२(१) (क) र (ख) बमोजिम मुद्दा दोहोऱ्याई हेरी फिराद दाबी बमोजिम गरी न्याय पाउँ **भन्नेसमेत बेहोराको मिति २०७२।०७।२० मा निवेदक विष्णुदेवी राजभण्डारीबाट यस अदालतमा दायर भएको निवेदन।**

१४. यसमा यसै अदालतमा विचाराधीन पुनरावेदक यी नै निवेदक शिवदुती भट्टराई समेत र प्रत्यर्थी मणिप्रसाद दाहाल भएको ०७२-CI-११५८ र पुनरावेदक यी नै निवेदक शिवदुती भट्टराई समेत र प्रत्यर्थी रामप्रसाद दाहाल भएको ०७२-CI-११५९ का हक कायम मुद्दाहरु र प्रस्तुत मुद्दा साथै राखी सुनुवाई हुन उपयुक्त

देखिएकोले उक्त मुद्दाहरु र लगाउको मुद्दा साथै राखी नियमानुसार पेश गर्नु **भन्ने बेहोराको यस अदालतको मिति २०७३।०१।१५ गतेको आदेश।**

१५. यसमा यसै लगाउको ०७२-CI-११५९ को हक कायम मुद्दामा आज यसै इजलासबाट प्रत्यर्थी झिकाउने आदेश भएको र प्रस्तुत मुद्दा उक्त मुद्दासँग अन्तरप्रभावी समेत रहेको हुँदा साबिक न्याय प्रशासन ऐन, २०४८ को दफा १२ (१) को खण्ड (क) र (ख) तथा प्रचलित न्याय प्रशासन ऐन, २०७३ को दफा १२ (१) को खण्ड (क) र (ख) वमोजिम मुद्दा दोहोऱ्याई हर्न अनुमति प्रदान गरी दिएको भन्ने बेहोराको मिति २०७४।१०।०७ गतेको यस अदालतको आदेश।

## यस अदालतको ठहर

१६. नियम बमोजिम निर्णयार्थ इजलाससमक्ष पेश भएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी विष्णुदेवी राजभण्डारीका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री विश्वदीप अधिकारी र विद्वान अधिवक्ता श्री ज्ञानेन्द्रबहादुर कुँवरले मेहरमानले गुठी स्थापना गरी चन्द्रकान्तलाई पूजाआजा गर्न राखेको हो निज पछि शम्भुप्रसाद भट्टराईले पूजाआजा गरी आएको तथा निजी गुठीको उद्देश्य अनुरूपका कार्य गर्न गुठीयारको तर्फबाट कूत बालीसम्म उठाई ल्याउने गरेको हो। उक्त जग्गा २०२३ साल श्रावणमा १८ गते रै. प. भएको हो। फिल्ड बुकमा बानेश्वर बस्ने शम्भुप्रसाद हो भनी लेखाएको भए पनि निज पूजाआजा गर्ने प्रतिनिधि मात्रै हुन। यसको मोही रामप्रसाद र मणिप्रसाद नै हुन।"ख" श्रेणीको बिर्ता कुनै आधिकारिक प्रमाण देखिएको छैन। शुरु जिल्ला अदालतले फिल्डबुकमात्र हेरी फैसला गरेको छ जग्गाको स्रोत हेरेको छैन। धार्मिक कार्यका लागि पूर्वजले निजी गुठी बनाई पूजाआजा गरी आएको स्थानमा हालपनि शिवालय मूर्ति इत्यादि सहितको पूजा स्थल रहेको छ। निजी गुठीलाई कसैले पनि रैकर सरह दर्ता गरी र एकलौटी हक कायम गर्न मिल्ने होइन। पुनरावेदन अदालत पाटनको उक्त फैसला यस अदालतबाट प्रतिपादित नजिरहरु क्रमसः नि.नं. ७८८५, ८६८५, ९४७४, १०१६० समेत विपरित भएकोले फिराद दाबीबमोजिम निजी गुठी कायम गरी दर्ता हुनु पर्ने भनी गर्नु भएको बहस सुनियो।

१७. पुनरावेदक प्रतिवादी **शिवदुती भट्टराई र शुभद्रा भट्टराईका** तर्फबाट उपस्थित विद्वान

वरिष्ठ अधिवक्ता श्री विश्वप्रकाश सिग्देल र विद्वान अधिवक्ता श्री यादव प्रसाद दुङ्गानाले पक्षका पति देवर शम्भुप्रसाद भट्टराईले आफ्ना बाबु चन्द्रकान्त भट्टराईको नामको का.ई. गोकर्ण रै.नं. ३१४९, ९८ र १०१ को लगत भिडाई छुट दर्ताको लागि मिति २०६३।०२।२१ मा नै निवेदन दिएको र सोको बिर्ता लगत बाँकी भएको प्रमाण नभएको अवस्थामा तत्कालीन पुनरावेदन अदालतले लिएको निर्णयाधार नमिलेको हुँदा उल्टी हुनु पर्छ भनी गर्नुभएको बहस सुनियो।

१८. प्रत्यर्थी प्रतिवादी बेदनिधि उपाध्यायको छोरा शम्भुप्रसाद उपाध्यायको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री कृष्ण प्रसाद सुवेदी, श्री बिक्रमबहादुर कुँवर र श्री रामबहादुर राउतले विवादित जग्गाहरु बेदनिधि उपाध्यायको निलबाराहीको लगतसँग भिड्ने जग्गा हो। राजभण्डारीहरुले पेश गरेको लगतबाट कि.नं. ८३, ८४ जग्गा दर्ता गरिसकेको हुनाले निजहरुको दाबी जिकिर पुग्न सक्ने होइन भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो।

१९. प्रत्यर्थी प्रतिवादी जगत कुमारी राजभण्डारीको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री गंगासागर खत्री र विद्वान अधिवक्ता श्री निराजन महर्जनले पुर्खा मेहरमान राजभण्डारीको नामको २१ रोपनी जग्गा जगत कुमारी र विष्णुदेवीको नाममा १०।१० रोपनी आएको मध्येकै विवादित जग्गा हो भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो।

२०. प्रत्यर्थी प्रतिवादी पुण्यवती दाहालको मु.स. गर्ने बच्चुराम दाहालका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल र विद्वान अधिवक्ता श्री पुष्पराज पाठक, प्रत्यर्थी प्रतिवादी रामप्रसाद दाहालका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री रमन कुमार श्रेष्ठ, प्रत्यर्थी प्रतिवादी मणिप्रसाद दाहाल र रामप्रसाद दाहालका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री रामप्रसाद गौडेल, विद्वान् अधिवक्ता श्री सुनिल शाक्य तथा तिनै जना प्रत्यर्थी प्रतिवादीहरु रामप्रसाद दाहाल, मणिप्रसाद दाहाल र पुण्यवति दाहालको मु.स. गर्ने बच्चुराम दाहालको तर्फबाट बहस गर्ने श्री राजन कुमार निरौलाले कि.नं. ३६ र ३७ को फिल्ड बुकमा पुण्यवती दाहालका श्रीमान ढुण्डीराज दाहालको नाममा मोही जनिएको, कि.नं. २८, २९, ३३, ३४ र ८५ को मोही रामप्रसादको पिता

मुक्तिनाथ जनिएको तथा कि.नं. २७, ३०, ३२, ३९, ३५ र ८६ को मोही मणिप्रसादको पिता डिल्लीराम जनिएको र फिल्डबुकमा नै "ख" मौजा लेखिएबाट बिर्ता जग्गा भएको स्पष्ट छ। उक्त जग्गाहरुको खास जग्गाधनीहरु राजभण्डारी भएको, चन्द्रकान्त भट्टराई मन्दिरको पूजारी भएकोले कुत बुझिलिने गरेको हो। शिवदुती भट्टराई समेतले देखाएको रै.नं. ३१४९, ९८ र १०१ मध्ये रै.नं. ३१४९ मिति २०२७।१२।१३ मा जमुना लक्ष्मी श्रेष्ठका नाममा हस्तान्तरण भई निजहरुको लगत खारेज भइसकेको छ भने रै.नं. ९८ र १०१ विवादित जग्गासँग नभिड्नुका साथै सो लगत भिडाई निजहरुले जोरपाटी वडा नं. ९ को कि.नं. ३६ र ७० दर्ता गरिसकेका छन्। विवादित कि.नं. ३६ र ३७ का हकमा मिति २०६२।११।२२ मा पुण्यवति दाहालका नाममा रैकर परिणत गर्ने निर्णय भइसकेको छ भने सो बाहेकका कित्ताहरुका हकमा मात्र मिति २०६५।०२।२७ मा मालपोत कार्यालयबाट हक बेहकमा सुनाएको हो। कि.नं. ३६ र ३७ का हकमा विष्णुदेवीले पुण्यवतीलाई प्रतिवादीसमेत नबनाएको तथा सो कित्तामा दाबीसमेत रहेको छैन, जग्गाधनी ध्रुवबहादुर राजभण्डारीले मालपोत कार्यालयमा मिति २०५३।१२।२३ मा निवेदन दिँदा नै बिर्ता जग्गा भनी स्वीकारेको, मिति २०५५।०५।१८ गते मालपोत कार्यालयबाट स्थलगत सर्जमिन हुँदा पनि जग्गा बिर्ता भनी उल्लेख भएको हुँदा पुनरावेदन जिकिर पुग्न सक्ने होइन भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो।

२१. उल्लिखित बहस सुनी मिसिल अध्ययन गरी हेर्दा, विवादित जग्गा हाम्रो निजी गुठीका जग्गाहरु हुन्। उल्लिखित जग्गाको फिल्डबुकमा किसानको बेहोरामा बानेश्वर बस्ने शम्भुप्रसाद लेखिएकोमा निज शम्भुप्रसादले आफू जग्गा धनी होईन भनी निवेदन दिई हक छाडी सनाखत समेत गरिदिनु भएकोमा अन्य शम्भुप्रसादको दाबीको सबूद नभएको, विवादित कि.नं. २५लाई मोही भोला बोहराले, कि.नं. ३२, ३५, ३९, ३०, २७ र ८६ का जग्गालाई मोहीका हकदार भतिजा भरतराम बोहराले, कि.नं. ८४ र ३१ का जग्गालाई मोहीका हकदार सीता बोहोराले र कि.नं. २८, २९, ३३, ३४ र ८५ का जग्गालाई मोही मुक्तिनाथ दाहालका हकदार छोरा रामप्रसाद दाहाल समेतले विवादित जग्गा "ख" श्रेणीको

बिर्ता जग्गा भएकोले रै. प. नामसारी गरी पाउँ भनी ६ नं. नापी गोश्वरा र मालपोत कार्यालयमा विभिन्न मितिमा निवेदन हाली माग गरे तापनि विवादित जग्गा बिर्तांका होईनन्। शिवदुती भट्टराई र शुभद्रा भट्टराईले लिनु भएको दाबी पनि पुग्ने होइन। मैले दाबी लिएको श्रोतको लगत प्रमाण बुझी विवादित जग्गा निजी गुठीमा म गुठीयार विष्णुदेवी राजभण्डारीको नाउँमा दर्ता गरी ज.ध.प्र. पूर्जा पाउँ भन्नेसमेत बेहोराको फिराद परेको रहेछ।

२२. विवादित जग्गाको फिल्डबुकको बमोजिम हाम्रा ससुरा चन्द्रकान्त भट्टराईको नाममा रहेको का. ई. गोकर्ण रै.नं., ३१४९ रै.नं. ९८ र १०१ लगतमा भिडी रैकरमा दर्ता हुने जग्गालाई निजी गुठी बनाई पाउँ भनी हालेको झूठा फिराद खारेज गरी पाउँ आफ्ना पति देवरले आफ्नो नाममा नापी भएको आधारमा मात्र छोडपत्र गरेकालाई मान्यता दिंदा अन्य अंशियारको अंश हक मर्न जाने भन्नेसमेत बेहोराको शिवदुती भट्टराई र शुभद्रा भट्टराईको संयुक्त प्रतिउत्तर परेको रहेछ।

२३. जग्गाहरु निजी गुठीका होईनन्। ती जग्गाहरु वादीले देखाएको लगतमा भिड्ने नभई बोडे पञ्चायतको मौजा अन्तरगत लगत भिड्ने जग्गा भएको र मेरो पिता बेदनिधिले हस्ते भै २०२३।१२।१५ अघिदेखि पोत असुल गराउदै आएका जग्गाहरु हुन्। फिल्डबुकमा स्पष्ट रुपमा मेरो नाम लेखाएकोमा सो होईन भनी बनावटी एंव सबुद प्रमाण बेगर हालेको फिराद खारेज गरी मेरो दाबी बमोजिम गरी पाउँ भन्नेसमेत बेहोराको जि. बर्दियाका बेदनाथको छोरा प्रतिवादी शम्भुप्रसाद उपाध्यायको प्रतिउत्तर पत्र परेको रहेछ।

२४. दाबीका जग्गा म रामप्रसाद दाहाल र म मणिप्रसाद दाहालले मोहीको हैसियतले जोत कमोद गरी आएको "ख" बिर्ता जग्गा हो। प्रस्तुत मुद्दामा फिल्डबुकमा उल्लिखित शम्भुप्रसाद उपाध्याय र वादी विष्णुदेवी राजभण्डारी मिली आफ्नो हक स्थापित गराउन "ख" श्रेणीको बिर्ता जग्गालाई गुठी कायम गराउन मात्र खोजेका हुन्। प्रस्तुत मुद्दामा गुठी महलको ३, ५ र १६ समेत आकर्षित हुन सक्दैन। निजी गुठी कायम गराई पाउँ भन्ने वादी दाबी कायम नहुने हुँदा मिति २०६२।२।२२ को निवेदन बमोजिम "ख" श्रेणीको बिर्ता जग्गा कायम गरी पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी मणी प्रसाद दाहाल र रामप्रसाद दाहालको

संयुक्त प्रतिउत्तरपत्र परेकोमा दाबीका जग्गाहरु निजी गुठी जनाई दर्ता गरी पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्छ भन्ने शुरु जिल्ला अदालतको फैसला उपर चित्त नबुझाई रामप्रसाद दाहाल र मणिप्रसाद दाहालले वादी भई दायरगरेको मुद्दामा भएको फैसला उपर छुट्टै पुनरावेदन परेको पनि देखिन्छ।

२५. उल्लिखित तथ्य, पुनरावेदन जिकीर, दुवै तर्फका उपस्थित विद्वान कानून व्यवसायीबाट प्रस्तुत हुन आएका तर्कपूर्ण बहसका बुँदाहरू र मिसिल संलग्न कागजात अध्ययन गरी इन्साफतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा पुनरावेदन अदालत पाटनको फैसला मिलेको छ वा छैन? र पुनरावेदक वादीको पुनरावेदन जिकीर पुग्न सक्छ या सक्दैन? भन्ने विषयमा निर्णय दिनु पर्ने देखिन आयो।

२६. निर्णय तर्फ विचार गर्दा, काठमाडौं जिल्ला, गोठाटार गाउँ विकास समिति वडा नं. ९(ख) कि.नं. २७, २८, २९, ३०, ३२, ३३, ३४, ३५, ३६, ३७, ३९, ८५ र ८६ को जम्मा १३ कित्ता जग्गाहरु साविक भा.का.२८७।२६१ सि.नं. ३५ फुटकर ४० नं. गोठाटार पञ्चायत अन्तर्गतको सूर्यडोल १०॥ को निजी गुठी जग्गा भनी पुनरावेदक वादीको शुरु फिराद र पुनरावेदन जिकिर रहेको देखियो। उक्त लगत जगत कुमारीका नाममा रहेको भन्ने दाबी जिकिर रहेको सन्दर्भमा यी पुनरावेदिका वादीको लगतवाला जगत कुमारीसँगको नाता सम्बन्ध समेतको विचार गर्नुपर्ने हुन आयो। निजहरुको मूल पुर्खा मेहरमानका ५ भाई छोराहरुमा क्रमशः नन्दबहादुर, मुनिन्द्रबहादुर, तिर्थराज, जितबहादुर र तिर्थबहादुर भएकोमा जेठा र गाइला बाहेक ३ भाइ निसन्तान भई परलोक भइसकेका रहेछन। जेठा नन्दबहादुरका २ छोरा इन्द्रबहादुर र खड्गबहादुर भएकोमा इन्द्रबहादुरका २ छोरा भैरब र चन्द्रबहादुर तथा कान्छो खड्गबहादुरकी श्रीमती रत्न कुमारी र छोरा ध्रुवबहादुर भई निज ध्रुवबहादुरकी श्रीमती यी पुनरावेदक वादी विष्णुदेवी राजभण्डारी रहेको देखिन्छ। त्यस्तै मेहरमानका माहिला छोरा मुनिन्द्रतर्फ निजको एक मात्र छोरी जगत कुमारी अविवाहित भई पुनरावेदक वादी र लगतवाला जगत कुमारी बिच २ तहका नाता सम्बन्ध रहेको पाइयो।

२७. प्रस्तुत विवादको जग्गाहरु दर्ता सम्बन्धमा भएको कारबाहीको पृष्ठभूमि सम्बन्धमा हेर्दा, जगत कुमारी राजभण्डारीले आफ्ना नाममा कायम रहेको साविक भा.का.

२८७।२६१ फुटकर ४० नं. सूर्यडोल रोपनी १० मध्येबाट भिडी दर्ता हुने भनी विवादित २७, २८, २९, ३०, ३२, ३३, ३४, ३५, ३६, ३७, ३९, ८५ र ८६ कित्ता जग्गाका साथै कि.नं. २३, २४, २५, २६, ३१, ८३, ८४, समेतका जम्मा २० कित्ता जग्गा छुट दर्ताको लागि मिति २०६२।०७।१० मा र मिति २०६२।०९।०५ गते ६ नं. नापी गोश्वारामा निवेदन दिएको देखिन्छ। सो निवेदनमा यी जगत कुमारीले उक्त जग्गा निजी गुठी हो भन्ने बेहोरा खुलाएको पाईंदैन। सो जग्गा सम्बन्धमा मूल पुरुष मेहरमानका पनाती नाताका भैरवबहादुरको छोरा विनोद राजभण्डारीले विवादित १३ कित्ता आफूहरुको निजी गुठी भई जग्गा कमाउने मोहीले आफ्नो पुस्ताका पारिवारिक पुजारी शम्भुप्रसाद उपाध्यायलाई कुत तिरी कमाई आएको भन्ने बेहोरा उल्लेख गर्दै बाँकी ७ कित्ता जग्गा पनि आफूहरुको निजी गुठी जग्गा कमाउने मोहीहरुले गुठीयारमध्येका रत्न कुमारी राजभण्डारीलाई कुत तिरी आएको बेहोरा लेखाएको, उक्त जग्गाहरु आफ्नो पुर्खा कर्णेल मेहरमान सिंह राजभण्डारीकै पालादेखि निजी गुठी राखी पूजाआजा गरी गुठी सञ्चालन भइ आएको, मेहरमानकै सन्तान गुठीयारहरु इन्द्रबहादुर, खड्गबहादुर, मुनिन्द्रबहादुर, तिर्थराज, जितबहादुर, तिर्थबहादुर समेत भएकोमा तिर्थराज, जितबहादुर र तिर्थबहादुर निसन्तान परलोक भई मुनिन्द्रबहादुर अविवाहित छोरी जगत कुमारी, इन्द्रबहादुर परलोक भई निजका २ छोरा भैरबबहादुर र चन्द्रबहादुर भएकोमा भैरवबहादुर र निजको श्रीमती राममाया परलोक भइ निजको हक खाने छोराहरु श्यामराज, पुष्पराज, अशोक र आफू विनोदराज भएको, चन्द्रबहादुरको परलोक भई हक सर्ने छोराहरु सुकदेव, वासुदेव, विजयराज, सञ्जय रहेको, खड्गबहादुर परलोक भई निजको पत्नी रत्नकुमारी छोराहरु ध्रुवबहादुर र ऋषिराज भई ऋषिराजको हक खाने पत्नि नैनादेवी समेत भई गुठी चलाई आएको हुनाले सबैको नाममा संयुक्त दर्ता हुनुपर्ने भनी मिति २०६३।०८।०६ गते निज भैरब राजभण्डारीका छोरा विनोदराज राजभण्डारीले ६ नं. नापी गोश्वारामा प्रतिक्रियासमेत दिएको रहेछ।

२८. मिति २०६३।०१।२१ मा प्रतिक्रिया पेश गर्दा वादी विष्णुदेवी राजभण्डारीका पति ध्रुवबहादुर राजभण्डारीले आफ्नो आमा रत्न कुमारी राजभण्डारीले मिति

२०५३।१२।२४ मा निजी गुठीको जग्गा आफ्नो नाममा ना.सा. दा.खा. गरी पाउँ भनी निवेदन दिएको र आफ्नो पूर्खाले *"शिवालय स्थापना गर्दा शिलालेखमा समेत अंकित गरी गुठी सञ्चालनको लागि बालभक्तेश्वर गोकर्णतिर निकटमा शिवालय स्थापना गरी सदा झैं सन्तानहरुले राखेका कृतिलाई चलाइयोस भनी दैनिक पूजाको लागि राखेको जग्गा यथावत कायम होस् र भगवान शिवजीप्रति धर्मको आस्था राखिराखेको कृति धर्मलोप नहोस, पुजारी शम्भुप्रसाद भट्टराईलाई पनि बुझी पाउनका लागि सादर अनुरोध गर्दछु"* भनी बेहोरा खुलाएको देखिन आउँछ। तत्पश्चात निजै ध्रुवबहादुर राजभण्डारीले मिति २०६३।०२।०७ मा दिएको निवेदनको बेहोरामा अन्य व्यक्तिहरुले ती जग्गा उपर खिचोला उठाई कारवाही चलिरहेकोमा अब आफ्नो पत्नी विष्णुदेवी राजभण्डारी र आफ्ना भाई ऋषिबहादुर राजभण्डारीको पत्नी नैनदेवी राजभण्डारीको नाममा समेत निजी गुठी जनाई दर्ता गर्न निवेदन दिएको देखिन्छ। त्यसको तत्कालै पछि मिति २०६३।०२।२१ मा काठमाडौं जिल्ला बानेश्वर बस्ने शम्भुप्रसाद उपाध्याले श्री ६ नं. नापी गोश्वारामा छुट जग्गा दर्ता नामसारी हालसाविकको लागि छोडपत्र मञ्जुर दिंदा (द.नं. १४४९–२०६३।०२।२१) म निवेदक शम्भुप्रसाद लेखिनुको कारण मेरो पिता चन्द्रकान्त उपाध्याय भट्टराईलाई माथि उल्लेखित जग्गाधनीको पुर्खाले गोकर्नेश्वरमा स्थापना गरिएको शिवालयमा नित्य पूजा आरती गर्ने भनी नियुक्त गरिएको र पिताको परलोकपछि मैले पुजारीको हैसियतले जोताहा मोहीहरुसँग सालसालमा कुत उठाई पूजाआजा चलाई रहेकोले नापीको समयमा जोताहा मोहीहरुले ज.ध.को नाउँमा शम्भुप्रसाद उपाध्याय लेखिदिए तापनि उक्त जग्गाहरु रत्न कुमारी राजभण्डारी समेतको गुठीयारहरुको नाउँमा दर्ता हुने जग्गा भएको भनी उल्लेख गरी जगत कुमारी राजभण्डारी तथा ध्रुवबहादुर राजभण्डारीका नाममा संयुक्त दर्ताको लागि पहल गरेकोलाई अन्य प्रतिवादीहरुले उक्त बेहोरा वा निवेदनमा भएका हस्ताक्षर इत्यादी निज शम्भुप्रसाद उपाध्यायको होइन भनी जिकिर लिन वा खण्डन गर्न सकेको देखिँदैन। सोही विषयमा मिति २०६३।०४।२३ को निवेदनबाट मूल पुरुष मेहरमान सिंहको पनाती चन्द्रबहादुरको नाती इन्द्रबहादुरको छोरा चन्द्रबहादुरका हाँगाका निजकी बुहारी नैनादेवी राजभण्डारी, ऐ. कै नाती सुकदेव,

**बासुदेव, विजयराज, संजय राजभण्डारी, इन्द्रबहादुरकै अर्का छोरा भैरवबहादुरको छोरा पुष्पराज, प्रमोदराज तथा ब्यासराज राजभण्डारी समेतको सो जग्गा नीजि गुठी भएको, त्यसको आयस्थाबाट गोकर्णेश्वर बागमती निकट स्थापित शिव महेश्वर बाल भक्तेश्वरको शिवालयमा गुठीयारहरुले आलोपालो पूजाआजा गर्दै आएको भनी जगत कुमारी तथा ध्रुवबहादुर राजभण्डारीको नाममा निजी गुठी जनाई नामसारी गर्न गराउन लेखी पेश गरेको समेत पाइयो।**

२९. सोही कारबाहीको क्रममा विवादित १३ कित्ता जग्गाहरुको फिल्डबुकमा मोहीले नाम लेखाएका शम्भुप्रसाद उपाध्यायको तर्फबाट पनि बर्दिया बगनाह गा.वि.स. वडा नं. ६ वतन उल्लेख गरी निज बर्दिया निवासी भनिएका अर्कै शम्भु प्रसाद तर्फबाट नियुक्त वारेस चिरञ्जिवी भट्टराईले आफ्नो नाममा छुट जग्गा दर्ता नामसारी हालसाविक गर्नको लागि ६ नं. नापी गोश्वारामा मिति २०६२।१२।०९ गते निवेदन दिएको पाइन्छ।यस सम्बन्धमा आफ्ना पिता खड्गबहादुर नापीका बखत उपस्थित नभएको कारणले चन्द्रराज भट्टराईको छोरा शम्भुप्रसाद भट्टराईको नाममा नाप नक्सा भएको, निज पुजारीलाई साल सालमा पूजा गरे वापत मोहीसँग कुतवाली असुल उपर गरिलिन जिम्मा लिएको मात्र हो, रत्न कुमारी र जगतबहादुरले पनि गुठी सञ्चालन गरी आएकोमा मिति २०२३।०४।१८ मा रै.प.नं. २८७।२६१ बाट रैकर गरिएको आफ्नो पूर्खाले बालभक्तेश्वर गोकर्ण बागमतीतीर निकटमा शिवालय स्थापना गर्दा शिलालेखमा समेत अंकित गरिएको हुँदा दैनिक पूजाको लागि राखेको जग्गा यथावत कायम हुनुपर्छ भनी ध्रुवबहादुर राजभण्डारीले ६ नं. नापी गोश्वारामा मिति २०६३।०१।२१ गते प्रतिक्रिया पेश गरेकोमा सो जग्गा आफ्ना श्रीमती विष्णुदेवी राजभण्डारी र भाइ बुहारी नैनदेवीका नाममा समेत निजी गुठी जनाई दिन मञ्जुर गरी निजै ध्रुवबहादुरले पुनः मिति २०६३।०२।०७ मा निवेदन दिएको तथा विष्णुदेवी र नैनदेवीको पनि पूर्जा पाउनको लागि सोही मितिमा ६ नं. नापी गोश्वारामा निवेदन दिएको देखिन्छ। फिल्डबुकमा नाम उल्लेख भएका शम्भुप्रसाद उपाध्याय भट्टराईले पनि उक्त जग्गाहरु जगत कुमारी राजभण्डारीको नाममा रै.प. भइसकेको निजी गुठीको जग्गा भएको, सो जग्गाको आयस्ताबाट

गोकर्णेश्वर बागमती निकटमा शिवमहेश्वर बालभक्तेश्वरको शिवालय स्थापना गरी गुठीयारहरुले आलोपालो पूजाआजा गर्दै आइरहेको र पिता चन्द्रकान्त उक्त शिवालयमा नित्यपूजा आरती गर्न नियुक्त भएको र पिताको परलोक पछि आफूले पूजारीको हैसियतले जोताहा मोहीहरुसँग साल सालमा कुत उठाई पूजाआजा चलाई आएकोसम्म हुँदा जगत कुमारीसमेतका नाममा दर्ता हुनुपर्ने हो भनी मिति २०६३।०२।२१ मा आफ्नो हकदाबी छाडी निवेदन दिएको पाइयो। यिनै वादी विष्णुदेवी राजभण्डारी तथा प्रतिवादी मध्यका जगत कुमारी राजभण्डारीले बेहोरा स्पष्ट पार्न भनी दिएको मिति २०६४।०४।०१ को निवेदनमा कि.नं. २७, २८, २९, ३०, ३२, ३३, ३४, ३५, ३६, ३७, ३९, ८५, ८६ का जग्गा सम्बन्धमा शम्भुप्रसाद उपाध्याय भट्टराईले समेत ६ नं. नापी गोश्वारामा उपस्थित भई रत्न कुमारीको हकवाला विष्णुदेवी राजभण्डारीका पति ध्रुवबहादुर राजभण्डारी र लगतवाला आफैं जगत कुमारी राजभण्डारीको नाममा संयुक्त दर्ता नामसारी गरी निजी गुठी जनाई दर्ता गरिदिएमा फरक पर्दैन भनी उक्त कार्यालयमा निवेदन दिएको र ध्रुवबहादुरले आफ्नो पत्नी विष्णुदेवी राजभण्डारीका नाममा दर्ता हुन छोडपत्र गरेकोले उपरोक्त निजी गुठीको लगत भिडाई हकवाला विष्णुदेवी राजभण्डारी र जगत कुमारी राजभण्डारीको नाउँमा संयुक्त दर्ता नामसारीको लागि माग गरेको देखिएको छ।

३०. उपर्युक्त मिति पश्चात मिति २०६५।०१।०८ मा चन्द्रकान्त भट्टराईको छोराहरु शम्भुप्रसाद भट्टराईको पत्नी शुभद्रा भट्टराई तथा बनमाली भट्टराईकी पत्नी शिवदुती भट्टराईले सोही जग्गा उपर हकदाबी लिँदा ससुरा चन्द्रकान्तको मौजा गोकर्ण रै.नं. ३१४९, ९८, १०१ लगत भिड्ने जग्गा रहेको भनी सोही जग्गाहरु चन्द्रकान्त भट्टराई आफैं उपस्थित भई छोडपत्र गरेको नभई निजको शेषपछि तेह्र हकदारमध्ये शम्भुप्रसादले मात्र छोडपत्र गरेको मान्य नहुने र मुलुकी ऐन, अपुतालीको २ नं. बमोजिम नजिकको नातेदारको हैसियतले आफूहरुको नाममा नामसारी हुनु पर्ने भनी दाबी लिएको देखिन्छ। त्यसको तत्काल पछि मिति २०६५।०१।१२ मा जगत कुमारी राजभण्डारीले आफूले त्यसपछि जे जस्तो दाबी लिई निवेदन दिएको भए पनि आफ्नो पुर्ख्यौली कागजात हेर्दा मेरो हक नरहेको भनी शिवदुती र शुभद्रा भट्टराईको

नाममा दर्ता गर्न मञ्जुर छ भनी त्यस अघिका दाबी इत्यादी विपरित निजी गुठीको बेहोरा केही नखुलाई फरक बेहोराको आफनो मञ्जुरीनामा पेश गरेको देखिन्छ। तथापी निजको निवेदनलाई समर्थन हुने प्रकृतिको कुनै पनि पुख्यौंली वा पारिवारिक कागज मिसिल संलग्न रहेको पाईंदैन भने निजी गुठीको जग्गा भनी दाबी गर्ने निजै जगत कुमारी वा अन्य नातेदारले सो बेहोरालाई समर्थन गरेको पनि पाईदैन।

३१. विवादित कि.नं. २७, ३०, ३२, ३९ र ८६ का मोही डिल्लीराम दाहाल कि.नं. २८, २९, ३३, ३४, ३५ र ८५ का मोही मुक्तिनाथ दाहाललाई कि.नं. ३६ र ३७ का मोही छुन्नीराज दाहालको हकसमेत बिर्ता रैकर परिणतको लागि निवेदन परेकोमा मालपोत कार्यालयबाट मिति २०६५।२।२७ गते जोताहा मोहीको निवेदन २०५३ असार मसान्तभित्र रैकर परिणतको लागि निवेदन नपरेकोले खारेज हुने, बर्दिया बस्ने शम्भुप्रसाद उपाध्यायको प्रमाण नपुगेकोले खारेज हुने तथा जग्गाधनी विष्णुदेवी राजभण्डारीहरु र शुभद्रा भट्टराई, शिवदुतिबीच निजी गुठी, रैकर जग्गामा समेत विवाद भएको देखिंदा हक बेहकमा जान सुनाउने गरी निर्णय भए अनुसार मिति २०६५।५।५ मा प्रस्तुत फिराद परेको देखिन्छ। तत्सम्बन्धमा शुरु अदालतबाट वादी दाबी बमोजिम निजी गुठीका विषयमा दाबी नपुग्ने भनी फैसला गर्दा मूल रुपमा जगत कुमारीले मिति २०६५।०१।१२ मा निजी गुठीको बेहोरा केही पनि नखुलाई आफ्नो जग्गा होइन भनेकै आधारमा फैसला गरेको तथा सोही फैसला तत्कालीन पुनरावेदन अदालतले सदर गरेको देखियो।

३२. उपरोक्त बमोजिम मिसिल अध्ययन गर्दा, विवादित जग्गाहरुमा पुनरावेदक वादी पक्षले आफ्नो पूर्खाले राखेको निजी गुठी भनी दाबी जिकिर लिएकोले निजी गुठी के कसरी कुन प्रयोजनको लागि राखिन्छ?, सो जग्गाहरु निजी गुठी हो वा अन्यको हक लाग्ने फरक प्रकृतिको जग्गा हो भन्ने तर्फ नै विचार गर्नुपर्ने देखियो। नापीमा फिल्डबुकमा मोहीहरुले सो जग्गाहरु कसैको बिर्ता हो भनी खुलाएको देखिदैन। निज मोही भनिएका व्यक्तिहरुले लेखाएको जग्गाधनी शम्भुप्रसाद भट्टराईले पनि आफ्नो जग्गा नभई आफ्ना पिताका पालादेखि मन्दिरको पुजारीसम्म भई मोहीहरुबाट बाली उठाई पूजाआजा चलाई आएको, जग्गा राजभण्डारीहरुको निजी

गुठीको जग्गा भनी पुनरावेदक वादीको दाबी जिकिर समर्थन गरेको अवस्था छ। अर्कोतर्फ, पुनरावेदक प्रतिवादी चन्द्रकान्त की बुहारी बनमालीको श्रीमती शिवदुती भट्टराई तथा ऐ.की बुहारी शम्भु प्रसादको श्रीमती सुभद्रा भट्टराईले उक्त जग्गा आफ्ना ससुरा चन्द्रकान्त भट्टराईको नामको मौजा गोकर्ण रै.नं. ३१४९, ९८ र १०१ को लगत भिडी दर्ता हुने भनी जिकिर लिएको देखिन्छ। सो लगतवाला भनिएका चन्द्रकान्त भट्टराईका २ छोराहरु बनमाली भट्टराई र शम्भुप्रसाद भट्टराई भएकोमा चन्द्रकान्त भट्टराईको शेषपछि नापीमासमेत जग्गाधनी भनी मोहीहरुले लेखाएका शम्भुप्रसाद भट्टराईको उक्त जग्गा आफ्नो भन्ने प्रमाण पुर्याउन नसकी शिवालय गुठीका पुजारीका हैसियतले आयस्ता बुझी आएको भनी आफ्नो दाबी छाडेको अवस्था छ भने चन्द्रकान्त भट्टराईका जेठा छोरा बनमाली भट्टराईले आफ्नो जीवनकालमा आफ्ना पिताको नामको लगतबाट भिड्ने जग्गा भनी दाबी गरेको अवस्था छैन। निज बनमाली भट्टराईको मिति २०६४।०५।११ मा परलोक भइसकेपछि मात्र निजकी श्रीमती शिवदुती भट्टराई र आफ्ना हक दाबी छाड्ने शम्भुप्रसाद भट्टराईकी श्रीमती शुभद्रा भट्टराईले मिति २०६५।०१।०८ गते मात्र आफ्ना ससुराका नामको लगत भिडाई दर्ताको लागि निवेदन दिएको देखिन्छ। निजहरुले उल्लेख गरेका गोकर्ण मौजाको रै.नं. ९८ र १०१ बाट जोरपाटीको कि.नं. ३६ र २८ भइसकेको देखिएबाट उक्त लगतबाट विवादित गोठाटारको जग्गा भिड्न सक्ने अवस्था पनि देखिएन। निजहरुले उल्लेख गरेको अर्को लगत रै.नं. ३१४९ पनि जमुना लक्ष्मी श्रेष्ठका नाममा हस्तान्तरण भई भट्टराई नामको लगत मिति २०२७।१२।१३ मा नै खारेज भइसकेको भन्ने लगत उतारबाट देखिन्छ। निजहरुको उक्त लगतबाट समेत विवादित जग्गा भिड्न सक्ने देखिदैन। यसरी जुन विषयमा पुनरावेदकका ससुरा एवं पतिहरुले नै आफ्नो हक स्थापित गर्न सकेको छैन, त्यस्तो जग्गामा यी पुनरावेदकहरुको हकदाबीको जिकिर पुग्न सक्ने देखिदैन।

३३. विवादित जग्गामा हकदाबी गर्ने अर्को पक्ष बेदनाथका छोरा बर्दिया जिल्ला बगनाह गाउँ विकास समिति वडा नं. ६ बस्ने शम्भुप्रसाद उपाध्यायको दाबी जिकिरका सम्बन्धमा हेर्दा, निजले बेदनाथ उपाध्यायको नामको साविक मौजे निलबाराहीको

२०२३ सालको असुलीतर्फको बानेश्वरको १५१।२ लगत र आमा तिलकुमारी उपाध्यायको नामको मौजे बोडे लगत नं. ३१९ बाट भिड्ने भनी दाबी लिएको देखिन्छ। मालपोत कार्यालयमा चलेको कारबाही फाइल हेर्दा निजको तर्फबाट वारेस चिरञ्जिवी भट्टराईले मिति २०६२।१२।०९ मा पछि प्रमाण पेश गर्ने भन्ने निवेदन दिएकोमा मिति २०६३।०५।०१ मा साविक मौजे निलबाराहीको २०२३ सालको असुलीतर्फको बेदनाथ उपाध्यायको बानेश्वरको नामको १५१।२ को लगत पेश गरेकोमा सो लगतमा विवाद परी कारबांही भई मालपोत कार्यालय भक्तपुरको मिति २०६४।०४।३२ को आदेशले लगत उतार गर्ने फाँटवालालाई एक पटक चेतावनी दिई लगत नै खारेज गरेको भन्ने उक्त कार्यालयको च.नं. ७२२ मिति २०६४।०५।०७ को पत्रबाट देखिँदा सो लगत नै वदनियत राखी तयार गरेको पुष्टि भएको अवस्थामा सो लगत कायम रहन वा त्यसको वैधानिकता पुष्टि हुने अवस्था देखिएन। त्यसपछि पुनः निजले आफ्नी आमा तिलकुमारी उपाध्यायको नामको मौजे बोडे लगत नं. ३१९ को लगत भिडाउने निवेदन दिएकोमा सो लगत पनि मालपोत कार्यालयमा कायम नरही मौजे बोडे अन्तर्गत ५७ नं.सम्मको मात्र लगत रहेको भन्ने जवाफ प्राप्त भएबाट बिना लगतको निज शम्भुप्रसाद उपाध्यायको दाबी जिकिर संगठित एवं नियोजित रुपमा कपटपूर्ण तरिकाले साविक देखि दर्ता हुन बाँकी रहेका जग्गा अनाधिकृत रूपमै दर्ता गरी हक प्राप्त गर्न खोजेको प्रष्ट देखिन्छ। निज बर्दिया वतन भएका शम्भु प्रसाद उपाध्यायको दाबी पनि पुग्न सक्ने अवस्था देखिएन।

३४. अब पुनरावेदक वादी विष्णुदेवी राजभण्डारीको दाबी जिकिरका सम्बन्धमा विचार गर्दा, आफ्ना पूर्खा कर्णेल मेहरमान सिंह राजभण्डारीको पालादेखि नै आफूहरुको निजी गुठी चलाई आएको साविक भा.का. २८७।२६१ सि.नं. ३५ फुटकर ४० नं. गोठाटार पञ्चायत अन्तर्गतको सूर्यडोल १०॥ निजी गुठी नरबढी सहितबाट भिड्ने जग्गा भनी दाबी गरेको रहेछ। सोही लगतबाट गोठाटार गाउँ विकास समिति वडा नं. ९(ख) कि.नं. २३, २४, २५,२६, ३१, ३८ र ८४ का ७ कित्ता जग्गाहरु निजी गुठी जनाई यिनै पुनरावेदक वादी विष्णुदेवी राजभण्डारी र जगत कुमारी राजभण्डारीका नाममा मिति २०६४।०७।१८ को निर्णयले संयुक्त

नामसारी दर्ता भइसकेकोमा यहाँ विवाद रहेको छैन। सो जग्गाहरु दर्ता भइसकेकोले विवादित कित्ता आफ्नो निजी गुठी लगत भित्रको होइन भन्ने प्रत्यर्थी प्रतिवादीहरु मध्येका जगत कुमारी राजभण्डारीले दाबी छाडेको देखिन्छ। सोही गाउँ विकास समिति भित्रैकै एकै क्रम भित्रका कि.नं. २७, २८, २९, ३०, ३२, ३३, ३४, ३५, ३९, ८५ र ८६ को जग्गाका सम्बन्धमा प्रस्तुत विवाद परेको देखिन्छ। उल्लिखित निर्विवादित र विवादित जग्गाहरुको पृष्ठभूमि र स्थिति हेर्दा, उक्त निर्विवादित जग्गाहरुको मोहीमा कि.नं. २३ र २६ को हरिबहादुर बोहरा, कि.नं. २४ र ८३ मा कान्छा बोहरा, कि.नं. २५ मा दुर्गाबहादुर बोहरा र कि.नं. ३१ र ८४ मा रामबहादुर बोहरा भई निजहरु जग्गाधनी रत्नकुमारी राजभण्डारी (पुनरावेदक वादीकी सासु)लाई देखाएको पाइन्छ। विवादित जग्गाहरुमध्ये कि.नं. २७, ३०, ३२, ३५, ३९, र ८६ को मोही डिल्लीराम दाहाल (शेषपछि मणिप्रसाद दाहाल), कि.नं. २८, ३९, ३३, ३४ र ८५ को मोही मुक्तिनाथ दाहाल (शेषपछि रामप्रसाद दाहाल) र कि.नं. ३६ र ३७ को मोही छुन्नीराज दाहाल रहेको र निजहरुले जग्गाधनीमा शम्भुप्रसाद उपाध्याय बानेश्वरलाई देखाएको रहेछ। यी जग्गाहरुको हैसियत बिर्ता को हो भन्ने कुनै प्रमाण मिसिल संलग्न रहेको पाईएन। यसरी एकै ठाउँको जग्गाहरुमा बोहरा परिवारको मोहीहरुले जग्गाधनी रत्न कुमारी राजभण्डारी देखाएको र दाहाल परिवारको मोहीहरुले शम्भुप्रसाद उपाध्याय जग्गाधनी देखाएबाट पनि यी विवादित जग्गाहरु दर्ता हुन नसकेको देखियो।

३५. पुनरावेदक वादी विष्णुदेवी राजभण्डारीले ती विवादित जग्गाहरु उपर आफ्नो एकलौटी हक दाबी गरेको नभई निजी गुठी प्रयोजनको लागि आफ्नो पुर्खाले व्यक्तिगत हक छाडी धार्मिक कार्यमा अर्पण गरेको जग्गा रहेको/भएको भनी स्वीकार गरी निजी गुठी जनाई दर्ता गर्न दाबी जिकिर लिएको देखिएको छ। यस अवस्थामा उक्त निजी गुठी भनिएको जग्गाको ऐतिहासिक पृष्ठभूमीं विचार गर्दा, निजहरुका पूर्खा कर्णेल मेहरमान राजभण्डारीले गोकर्णेश्वर बागमती नजिक शिवमहेश्वर बालभक्तेश्वरको शिवालय र धर्मशाला बनाई शाके सम्बत् १७७८ सालमा स्थापना गरी गुठीयारहरुले आलोपालो पूजाआजा गर्नको लागि राखेको

निजी गुठी भन्ने तथ्य सम्बन्धमा राजभण्डारी परिवार तर्फबाट निवेदन दिनेहरुको सबैको मुख मिलेको देखिन्छ। यद्दपी कालान्तरमा जगत कुमारीले दर्ताको कारवाहीको अवस्थामा आफ्नो हक नरहेको भनी दाबी छाडेको देखिएको छ।

३६. मेहरमानका ५ छोरामा ३ छोराहरु निसन्तान परलोक भई नन्दबहादुर र मुनिन्द्रबहादुर तर्फका गुठीयारहरु मात्र रहेको माथिका प्रकरणमा समेत उल्लेख भइसकेको छ। मुनिन्द्रबहादुरतर्फ अविवाहिता छोरी जगत कुमारी मात्र भएकोमा निज गुठीयार मध्येकै भए पनि निजको विवादित जग्गामा कतै आफ्नो एक्लैको र कतै निजी गुठी भनी निवेदन दिएको अवस्था रहेको छ। नन्दबहादुर तर्फका दुई छोरा इन्द्रबहादुर र खड्गबहादुर भएकोमा खड्गबहादुरको श्रीमती रत्नकुमारी र निजहरुका छोरा ध्रुवबहादुर र ऋषिराज भई ध्रुवबहादुरकी श्रीमती यी पुनरावेदक वादी विष्णुदेवी राजभण्डारी तथा ऋषिराजकी श्रीमती नैनदेवी रहेको छ। इन्द्रबहादुरका दुई छोराहरु भैरबबहादुर र चन्द्रबहादुर भएकोमा भैरबबहादुर र निजकी श्रीमती राममायासमेत परलोक भई निजका छोराहरु र चन्द्रबहादुरको पनि परलोक भई निजका छोराहरु रहेको माथि उल्लेख भइसकेको छ। उक्त निजी गुठीको जग्गा साविक लगतमा सूर्यडोल रोपनी २१ उल्लेख भएकोमा मिति २०२३।०४।१८ मा रै.प. नं. २८७।२६१ बाट रैकर परिणत भइसकेको समेत देखिन्छ। विवादित जग्गाको नापीमा जग्गाधनी जनिएका शम्भुप्रसाद भट्टराईले पनि उक्त जग्गा आफ्नो निजी नभई पुनरावेदक वादीहरुको निजी गुठीको जग्गा आफू पूजारी मात्र भएको भनी स्वीकारी आफ्नो दाबी छाडिसकेको अवस्था छ भने निजकी श्रीमती तथा भाउजुले सोही जग्गालाई आफ्नो रैकर जग्गा भनी दाबी जिकिर लिएकोमा निजहरुको पुनरावेदन जिकिर नपुग्ने भनी माथि विवेचना भइसकेको छ।

३७. बिर्ता उन्मूलन ऐन, २०१६ मा तथा भूमी सुधार सम्बन्धी ऐन, २०२१ मा लागू भएको लामो समय पश्चात मात्र विवादित जग्गा मोहीहरु राम प्रसाद दाहाल र मणि प्रसाद दाहालले ती जग्गाहरुलाई बिर्ता कायम गरी पाऊँ भनी मिति २०६२।०२।२२ मा दाबी गरेको पनि पाईयो। लामो समयको अन्तरालमा मोहीहरुले ती जग्गा "ख" श्रेणीको बिर्ता कायम गर्न भनी दाबी गर्नुको कुनै

वस्तुनिष्ट कारण र प्रमाण पेश गरेको मिसिलबाट देखिँदैन। **छुट दर्ताको नाममा दशकौ पछि तथा पुस्तान्तरण पछि पर्न आएका यस्ता दाबीको सम्बन्धमा सो दाबी पुष्टि गर्न अकाट्य प्रमाणको आवश्यकता हुन्छ, घुमाउरो पाराले जग्गाधनीले दर्ता नगराएको भन्नेसम्मको कारणबाट यस्ता दर्ता हुन बाँकी जग्गा बिर्तामा परिणत हुने कानूनी आधार देखिदैन।** सोही स्थानको अन्य कि.नं २३,२४,२५,२६,३१,८३, ८४ का जग्गाहरु सम्बन्धमा प्रतिवादीहरु मध्येका भोला बोहरा, हरीबहादुर बोहरा, भरत राम बोहरा, सिता बोहराले ती जग्गाहरूमा "ख" श्रेणीको बिर्ताको भन्ने दाबी छाडिसकेका तथा ती जग्गाहरु मिति २०६४।०७।१९ मा जगत कुमारी राजभण्डारी एवं रत्न कुमारी राजभण्डारीको हक खाने विष्णुदेवी राजभण्डारीको नाममा दर्ता भइसकेको भन्ने तथ्य संयुक्त प्रतिउत्तरमा स्वीकार गरेबाट पनि एकै प्रकृतिका एकै स्थानका अन्य जग्गाहरु "ख" श्रेणीको बिर्ता जग्गा होइन भन्ने तथ्यलाई थप आधार दिएको छ। विवादित जग्गाहरु बिर्ता जग्गा भएको भए फिल्डबुकमा त्यसको उल्लेख वा कुनै संकेत हुनु पर्नेमा सो समेत देखिएन। जग्गाहरु निजी गुठी भनी दाबी गर्ने रत्न कुमारी राजभण्डारीलाई कुत बुझाएको भन्ने तथ्य समेत मिसिलबाट खुल्न आएकोलाई अन्य सम्बन्धित प्रतिवादीहरुले अन्यथा भनेको पनि देखिएको छैन। यसबाट मोहीहरु मणी प्रसाद दाहाल र राम प्रसाद दाहालले दाबी गरे अनुरूप विवादीत जग्गा बिर्ता जग्गा नदेखिएको, ती स्थानमा पूजास्थल समेत रही हाल पनि शिवालय मूर्ति रही दैनीक पूजा हुने गरेको, एवं बानेश्वर बस्ने शम्भुप्रसादका पिता चन्द्रकान्तलाई शिवालयमा नित्यपूजा आरती गर्ने भनी नियुक्त गरिएकोमा निज पिताको परलोक पछि मैले पूजारीको हैसियतले जोताहा मोहीसँग सालसालमा कुत उठाई पूजाआजा गराई रहेकोले नापीको समय जोताहा मोहीहरुले जग्गा धनीको नाममा शम्भूप्रसाद उपाध्याय लेखिदिए पनि उक्त जग्गाहरु रत्नकुमारी राजभण्डारी समेत गुठीयारहरुको नाममा दर्ता हुने जग्गा भनी श्री ६ नं नापी गोश्वारा बसुन्धरा काठमाडौंमा मिति २०६३।०२।२१ मा कागज गरिदिएबाट समेत विवादित जग्गाको हैसियत निजी गुठीको रहेको प्रमाणित हुन आएको छ।

३८. प्रस्तुत मुद्दा निजी गुठीको प्रयोजनको लागि पूर्खाले जग्गा राखिदिएको भन्ने विषयसंग सम्बन्धित भएकोले यस अदालतले त्यस्ता निजी गुठीको जग्गाबारे के कस्तो धारणा राखेको छ भन्ने बारे केही विवेचना गर्नु पनि सान्दर्भिक देखिन्छ। **जनहित संरक्षण मञ्च समेत विरुद्ध नेपाल सरकार, मन्त्रिपरिषद् सचिवालय समेत (ने.का.प. २०६४ अंक १० नि.नं . ७८८५)** भएको मुद्दामा *"दाताले आफ्नो चल अचल सम्पत्ति वा आयस्ता आउने अरु कुनै सम्पत्ति वा रकममा आफ्नो निजी हक छाडी सार्वजनिक हितका लागि समर्पण गर्ने हुँदा गुठी भनेको कुनै सामाजिक वा धार्मिक कार्य निरन्तर रुपले सञ्चालन गर्न आफ्नो सम्पत्तिको हक वा स्वामित्व हस्तान्तरण पनि हो, जसले गुठी स्थापना गर्छ वा राख्दछ, उसले सँगसँगै त्यस्तो सम्पत्तिमा आफ्नो हक Wave पनि गर्दछ। गुठीको सिर्जनासँगै व्यक्तिको हक समाप्त हुन्छ"* भनी गुठी सम्बन्धमा गुठीयारको अधिकार सिमित भएको र सो सम्पत्तीमा गुठीयारको सन्तान दरसन्तानको अधिकारपनि गुठी राख्ने मूल गुठीयारकै समर्पणभाव, आस्था, मनसाय र मूलउद्देश्यलाई निरन्तरता दिनुपर्ने आसयको व्याख्या भएको छ। यस्तै, **रेशमान तुलाधरसमेत विरूद्ध ज्ञानेन्द्ररत्न तुलाधर (ने.का.प. २०७२ अंक १० नि.नं. ९४७४)** भएको मुद्दामा *"गुठीको महलको ३ नं. बमोजिम गुठीको जग्गा नास्न वा मास्न पाउने अवस्था हुँदैन, नासे मासेमा धर्मलोप गरेको ठहर्ने हुन्छ र धर्मलोप गर्ने व्यक्ति गुठीबाट निस्काशित हुने भई धर्मलोप नगर्ने अरू गुठीयारले मात्र गुठी चलाउन पाउने हुन्छ। फिरादमा उल्लिखित "दँपा" निजी गुठी विवादित जग्गासमेतको आयस्ताबाट सञ्चालन हुने भन्ने देखिँदा सो गुठीको जग्गाबाट प्राप्त हुने आयबाट गुठीको उद्देश्यबमोजिम वादी प्रतिवादीलगायत निजहरूका छोरा नातिसमेतका पछिल्ला पुस्ताका गुठीयारले आफ्ना स्वर्गीय पुर्खाहरूको सम्झनामा विभिन्न पूजा गरि सो निजी गुठीलाई निरन्तरता दिनुपर्ने ..."* भनी तथा **आसामाया श्रेष्ठ विरूद्ध गुठी संस्थान समेत** भएको (ने.का.प. २०७७ अंक ३ नि.नं. १०४४८) मुद्दामा *"पुर्खाले निश्चित धार्मिक प्रयोजनको लागि खडा गरेको निजी गुठी पछिल्ला पुस्ताले गुठीको प्रयोजन लोप गरी तथ्य लुकाई निजी बनाउने, त्यस्ता गुठीयारले धार्मिक गुठी जग्गा रैकरमा*

परिणत गरी बेचबिखन गरी आफूलाई व्यक्तिगत लाभ पुऱ्याउने जस्ता काम गर्न छुट दिन नसकिने। एकातिर गुठी नै लोप गर्ने कार्यबाट धर्मलोप हुन जान्छ भने अर्कोतर्फ पुर्खाले नै आफ्नो हक छाडी धार्मिक वा सामाजिक कार्यको लागि समर्पण गरिसकेको जग्गा जमिन आदि पछिल्लो पुस्ताले लोभ लालचमा फसी दाबी गरी आफूखुसी गर्ने कार्यबाट गुठीको लागि आफ्नो हक छाडी जग्गा दान गर्ने पुर्खाको उद्देश्य नै समाप्त हुन जाने। गुठीको प्रयोजनार्थ राखिएको सम्पत्ति अंश, अपुताली, दानबकस आदिबाट गुठीको उद्देश्यविपरीत हुने वा अस्तित्व समाप्त हुने गरी स्वामित्व हस्तान्तरण हुने प्रकृतिको नहुने" भनी भएको व्याख्याहरु गुठीका सन्दर्भमा महत्वपूर्ण रहेका छन। **वादी नारायण श्रेष्ठ प्रतिवादी गुठी संस्थानसमेत** भै चलेको मुद्दा(०७१-NF-०००१,पूर्ण इजलास, फैसला मिति २०७६।०७।२८) मा "यस्ता गुठीहरु नेपालमा पूर्वजहरुले धर्म संस्कृति प्रतिको आफ्ना आस्था र प्रतिबद्धता दर्साई निस्वार्थ भावले स्थापना गरेको र यसको जगेर्ना गर्नु वर्तमान पुस्ता तथा भावी सन्ततिको पनि कर्तव्य हुनाले यस्तो सम्पत्ति उपर आफ्नो व्यक्तिगत स्वार्थलाई गाँसी त्यसबाट कुनै पनि प्रकृतिको फाईदा उठाउने प्रयत्नलाई अदालतले स्वीकार्न सक्दैनं...पुर्खाले निश्चित धार्मिक प्रयोजनको लागि खडा गरेको निजी गुठी यी पछिल्ला पुस्ताले गुठीको प्रयोजन लोप गरी तथ्य लुकाई निजी बनाउने, त्यस्ता गुठीयारले धार्मिक गुठी जग्गा रैकरमा परिणत गरी बेचविखन गरी आफूलाई व्यक्तिगत लाभ पुऱ्याउने जस्ता काम गर्न छुट दिन सकिंदैन। एकातिर यस्तो गुठी नै लोप गर्ने कार्यबाट धर्मलोप हुन जान्छ भने अर्कोतर्फ पूर्खाले नै आफ्नो हक छाडी धार्मिक वा सामाजिक कार्यको लागि समर्पण गरिसकेको जग्गा जमिन आदि पछिल्लो पुस्ताले लोभलालचमा फसी दाबी गरी आफुखुशी गर्ने कार्यबाट गुठीको लागि आफ्नो हक छाडी जग्गा दान गर्ने पूर्खाको उद्देश्य नै समाप्त हुन जान्छ। पिता पुर्खाको सम्पत्ति निजहरुबाट आ-आफ्ना सन्तानमा अंश, अपुताली ईत्यादिको माध्यमबाट स्वामित्व हस्तान्तरण हुन्छ तर गुठीको प्रयोजनार्थ राखिएको सम्पत्ति अंश, अपुताली, दानबकस आदिबाट गुठीको उद्देश्य विपरीत हुने वा अस्तित्व समाप्त हुने गरी स्वामित्व हस्तान्तरण हुने

प्रकृतिको हुँदैन। धर्म संस्कृतिको रक्षा तथा सेवा नै यस्ता गुठीको उद्देश्य हुँदा विगतमा जो सुकैले पनि आफ्नो सम्पत्ति समर्पण गरी आफ्नो हक दाबी छाडी राखेको गुठीका पछिल्ला पुस्ता गुठीयारहरु गुठी स्थापनाको शर्त र उद्देश्यसँग गाँसिएर बसेका हुन्छन्, यिनीहरु ती शर्त उद्देश्यले बाँधिएका हुन्छन्, यस्ता गुठीयारहरुले स्वतन्त्र र स्वच्छन्द प्रकृतिबाट गुठीका जग्गाहरुलाई आफुखुश गर्न सक्ने हुँदैनं...आपसी मिलेमतोबाट गुठीको सम्पत्तिमा निजीहक स्थापित गर्ने र त्यसबाट व्यक्तिगत फाईदा लिने जुन कोशिश देखिएको छ, त्यसलाई यस अदालतले स्वीकार गर्न सक्दैन" भनी व्याख्या भएको पनि निजी गुठीको संरक्षण सन्दर्भमा मार्गदर्शकको रुपमा रहेको देखिन्छ। **राजेन्द्र दाहालसमेत विरुद्ध काजीलाल श्रेष्ठसमेत** (०६९-CI-०९३१ फैसला मिति २०७६।११।११) भएको मुद्दामा पनि ***"नेपालमा विभिन्न मठ मन्दिरको निर्माण गर्न, त्यसको पूजाआजा चलाउन,*** *विभिन्न सांस्कृतिक पर्व जात्राहरू सञ्चालन गर्न, सार्वजनिक महत्वका धर्मशाला, पाटी पौवा, बाटो, घाट, चौतारा बनाउन र त्यसको संरक्षण गर्नका लागि दाताहरूले निश्चित आयश्रोत हुने किसिमको जग्गा जमिन प्रदान गरी गुठी राखेको पाइन्छ। गुठी हाम्रो सामाजिक, धार्मिक र सांस्कृतिक परम्पराको एक अभिन्न अङ्ग हो। त्यसलाई हृदयङ्गम गरी मुलुकी ऐनमा पहिले देखि नै गुठी सम्बन्धी छुट्टै महल राखी गुठी व्यवस्थापन र सञ्चालनमा कानूनी व्यवस्था गरिएको पाइन्छ भने पछि आएर २०३३ सालमा गुठीहरूको सुव्यवस्थित सञ्चालनका लागि छुट्टै कानूनद्वारा व्यवस्था गर्नुपर्ने आवश्यकताबोध गरी गुठी सञ्चालन, रेखदेख र पर्व पूजा चलाउने कार्यसमेतका लागि वैधानिक निकायको रुपमा गुठी संस्थान खडा गरिएको देखिन्छ।* ***"सर्वजन हिताय र सर्वजन सुखाय"*** *को मान्यताबाट अभिप्रेरित गुठी प्रणालीमा राखिएको गुठीलाई समुदायले आफ्नो ठान्ने, सबैको सतत् प्रयासबाट त्यसको प्रभावकारी उपयोग गरिने र दुरुपयोग हुन नदिइने हुँदा गुठी सम्पदाको जीवन्तता सुनिश्चित ठानिन्छ। गुठी संस्थान ऐन, २०३३ को दफा २(च) मा* ***"निजी गुठी भन्नाले राजगुठी र छुट गुठी बाहेकको दुनियाको निजी गुठी सम्झनुपर्छ"*** *भनी र दफा१९(क) को उपदफा (१) मा,* ***"निजी गुठीका गुठीयारले***

गुठीको लगत तोकिए बमोजिमको ढाँचामा संस्थानमा दिनुपर्नेछ" भन्ने र यसै दफा १९ को उपदफा (२) मा, "उपदफा (१) बमोजिम लगत प्राप्त भएपछि संस्थानले व्यक्तिगत वा पारिवारिक रूपमा र सामाजिक हितको लागि राखिएका निजी गुठीको लगत तोकिए बमोजिम छुट्टाछुट्टै राख्नु पर्नेछ",भन्ने व्यवस्था रहेको देखिन्छ। यसै दफा २० को उपदफा (२) मा "...व्यक्तिगत वा पारिवारिक रूपमा राखिएका निजी गुठी बाहेक सामाजिक हितको लागि राखिएका निजी गुठीका गुठीयारले शिलापत्र, धर्मपत्र, दानपत्र आदिमा लेखिए बमोजिम सो गुठीको सञ्चालन नगरी गुठीको सम्पत्ति हिनामिना गरेको देखिएमा गुठीयारले लिखित अनुरोध नगरे पनि संस्थानले त्यस्तो गुठीको जिम्मा लिई बन्दोवस्त सञ्चालन गर्न सक्नेछ" भन्ने व्यवस्था भैरहेबाट समेत साविकमा सामाजिक हितको लागि राखिएको निजी गुठी पनि सो गुठी सञ्चालन नगरी गुठीको सम्पत्ति हिनामिना गरेको देखिएमा गुठी संस्थानले गुठीको जिम्मा लिई बन्दोबस्त र सञ्चालन गर्न पाउने कानूनी व्यवस्था रहेको" भनी गुठीको संरक्षणार्थ कानूनले नै विशेष व्यवस्था गरेको बारे भएको उल्लेखनले पनि गुठीको सम्पत्तिलाई संरक्षण गर्ने बारे यो अदालत संवेदनशिल रहको पाइएको छ। यस परिप्रेक्षबाट हेर्दा निजी गुठीको जग्गाहरुमा मूल गुठीयारहरु आफूहरुले खास प्रयोजनको लागि त्यस उपर हक छाडेको बारे स्पष्ट र प्रतिवद्ध रहेको देखिएको अवस्थामा पछि त्यस्ता जग्गाको कूतवाली वा तोकिएका आयस्ताहरु नउठाई वा उठाउने प्रयत्न पनि नगरी निजी गुठीको रीतिरिवाज परम्परा अनुरुप सञ्चालन नगरेको वा नभएको देखिएमा गुठी सम्बन्धी प्रचलित कानून बमोजिम गुठी संस्थानले नै व्यवस्थापन गर्ने कानूनी व्यवस्था राख्नुको पछाडी विधायिका निजी गुठी प्रति संवेदनशिल भएको देखिएको छ। व्यवहारमा गुठीयारहरुको पुस्तान्तरण हुँदा कालान्तरमा कतिपय गुठीयारका सन्तान दरसन्तान सम्पत्ति प्रतिको लोभलालचमा परी विभिन्न प्रकारले निजी गुठीका जग्गाहरुलाई निजी सम्पत्तिको रुपमा दर्ता गरी गराई वा भोगचलन वेचविखन वा व्यवसायिक प्रयोगमा ल्याउने वा त्यस्को प्रपञ्च मिलाउने प्रयत्नमा लागेको देखिनु वा निजी गुठीका जग्गाहरुलाई कुनै अधिकार देखाई वा कानूनको बदनियतपूर्ण प्रयोग

वा दुरुपयोग गरी स्वतन्त्र भोगाधिकार गर्न रैकर बनाउने प्रयत्नहरुलाई दुर्भाग्यपूर्ण मान्नुपर्ने हुन्छ, निजी गुठीहरु समेतको संरक्षणमा संवेदनशील रहेको यस अदालतले निजी गुठीका जग्गाहरु अन्य हैसियत वा प्रकृतिबाट दर्ता गर्ने कार्यलाई समर्थन गर्न सक्दैन तसर्थ गुठी राख्ने मूल गुठीयारकै समर्पणभाव, आस्था, मनसाय र मूलउद्देश्यलाई निरन्तरता दिनेगरी यस प्रकारका निजी गुठीहरु सञ्चालन हुनु पर्ने देखियो।

३९. अतः उपरोक्त प्रकरणहरुमा विवेचना गरिएबमोजिम विवादित गोठाटार गाउँ विकास समिति वडा नं. ९(ख) कि.नं. २७, २८, २९, ३०, ३२, ३३, ३४, ३५, ३६, ३७, ३९, ८५ र ८६ का जग्गाहरु पुनरावेदक वादीका पूर्खाले शिवालयमा पूजाआजा सञ्चालनको लागि राखेको निजी गुठीको जग्गा देखिएको अवस्थामा वादी दाबी पुग्न नसक्ने ठहऱ्याई भएको शुरु काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१।१२।०९ को फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक वादी विष्णुदेवी राजभण्डारीसमेतका गुठीयारहरुले गुठी चलाई खान पाउने गरी हक कायम हुने ठहर्छ। पुनरावेदक प्रतिवादीहरुको पुनरावेदन जिकिरपुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः- निराजन पाण्डे
कम्प्युटर अपरेटरः- विष्णुदेवी श्रेष्ठ
सम्बत् २०८० असार ०५ गते रोज ३ शुभम् ..........................................।